बैठक संख्या:- १

आज मिति : २०७३/०४/०७ गते यस लेटाङ भोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री युवराज आचार्यको अध्यक्षतामा देहायको उपस्थितीमा नगरपालिका बोर्ड बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य – प्रमुख एवं कार्यकारी अधिकृत
लेटाङ भोगटेनी नगरपालिका, मोरङ

**निर्णय नं. १** : नेपाल सरकारले आ.व.०७३/०७४ को लागि ल्याएको बजेट तथा कार्यक्रममा कर्मचारीहरुको तलब भत्ता बृद्धि गरिएको र नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. २ मिति : २०७३/०४/०४ द्वारा राष्ट्रसेवक कर्मचारीहरुको नयाँ तलबमान प्राप्त भएकोले यस नगरपालिकामा कार्यरत स्थानीय निकाय तर्फका स्थायी, करार लगाएत सबै किसिमका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख हुँदा करारवालाले कममा कबोल गरे भन्दा बाहेक नेपाल सरकारको सम्बन्धित तह वा श्रेणीको कर्मचारीको तलबमान बराबर नै उपलब्ध गराउने निर्णय गरियो । साथै एक आ.व. मा एक महिनाको तलब बराबर चाडबाड खर्च समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २** : यस नगरपालिकामा कार्यरत निम्न कर्मचारीहरुको आ.व. ०७३/०७४ को तलबी प्रतिवेदन देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।

तलबी प्रतिवेदन पछिल्लो पानाहरुमा टाँस गरिएको छ ।

अनुसूची ५ तलबी प्रतिवेदन फाराम

नेपाल सरकार

लेटाङ भोगटेनी नगरपालिकाको कार्यालय,मोरङ

आ.व. [illegible] को

तलबी प्रतिवेदन

| सेवा | समुह / उपसमुह | श्रेण / तह | पद | दरबन्दी संख्या | कर्मचारी संकेत नं. | कर्मचारीको नाम थर | सुरू नियुक्ती | हालको पदमा नियक्ति / बढुवा मिति | तलब स्केल | ०५४ श्रावण भन्दा अगाडीको ग्रेड | | ०५४/५५ देखि ०५६/५७ सम्मको ग्रेड | | ०५७/५८ देखि को ग्रेड | | २०७१ मा समायोजित ग्रेड रकम | | | ०७२/७३ सम्मको ग्रेड रकम रू. | यस आ.व. मा पाक्ने ग्रेड | जम्मा ग्रेड रू | जम्मा तलब | ग्रेड वृद्धि हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | दर | रकम | | | | | | |
| प्रशासन | प्रशासन | सहायक चौथो | खरिदार | १ | | श्री जीत बहादुर लामा | २०५७।८।९ | २०६६।०५।१० | २२१७० | | | | | | | | | | ७३९१० | ७३९ | १४७८१० | २३६४८१० | असोज १ ग्रेड थप हुने | |
| प्रशासन | प्रशासन | सहायक चौथो | खरिदार | १ | | श्री डीक बहादुर मगर | | २०६६।०५।१० | २२१७० | | | | | | | | | | ७३९१० | ७३९ | १४७८१० | २३६४८१० | असोज १ ग्रेड थप हुने | |
| प्रशासन | प्रशासन | सहायक चौथो | खरिदार | १ | | श्री धनमान तामाङ | २०६४।५।३१ | २०६७।०६।१८ | २२१७० | | | | | | | | | | ७३९१० | ७३९ | १४७८१० | २३६४८१० | कातिक १ ग्रेड थप हुने | |

तयार गर्ने      चेक गर्ने      प्रमाणित गर्ने

युवराज आचार्य
प्रमुख एवम् कार्यकारी अधिकृत

[illegible] : बोर्ड मैछवार

कर्मचारी संकेत नं. उल्लेख नभएका र अन्य आवश्यक विवरण अद्यावधिक नभएका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरीएको हुदा तलब रोक्का गर्नुहुन र अन्यको हकमा तलबी प्रतिवेदन पारित गरिएको छ ।

रूजु गर्ने      प्रमाणित गर्ने

युवराज आचार्य
प्रमुख एवम् कार्यकारी अधिकृत

बैठक संख्या -२

आज मिति : २०७३/०५/०२ गते यस लेटाङ भोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री युवराज आचार्यको अध्यक्षतामा देहायको उपस्थितीमा नगरपालिका बोर्ड बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य – प्रमुख एवं कार्यकारी अधिकृत
लेटाङ भोगटेनी नगरपालिका, मोरङ

**निर्णय नं. १** : यस नगरपालिकालाई शुरुवाती समय देखि नै योजनाबद्ध र व्यवस्थित तरिकाले विकास गर्न तथा नगर स्तरीय यातायात गुरुयोजना अनुसार सडक र सडक छेउका नाला (ड्रेन) लाई व्यवस्थित विकास गर्न यस नगरपालिकाको वडा नं. ४, ५ र ६ को लागि **Drainage** को गुरु योजना बनाउन यस आ.ब. मा नगरपालिका अनुदान बापत प्राप्त रकम बाट ९,९५,०००।- (नौ लाख पन्चानब्बे हजार मात्र) बिनियोजन गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :

यस नगरपालिकाको मौलिक संस्कृति संरक्षण गरी प्रचार प्रसार गर्न तथा नगरपालिकाबाट प्रवाह गर्ने सेवा सुबिधालाई सेवाग्राहीको सुविधाको लागि भिडियो तथा अडियो सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्न निम्नानुसार कामको लागि निम्नानुसार बजेट यस आ.ब. को नगरपालिका अनुदानबाट खर्च हुने गरी बिनियोजन गर्ने निर्णय गरियो ।

क) नागरिक बडापत्र सूचना सन्देश निर्माण - रु. २,९८,०००।-

ख) भाषा, धर्म, संस्कृति तथा रितिरिवाज सम्बन्धी बृत्तचित्र निर्माण - रु. २,९९,०००।-

ग) टेलिभिजन अडियो भिडियो नागरिक बडापत्र निर्माण - रु. २,९९,०००।-

**निर्णय नं. ३** :

यस नगरपालिकाको आ.ब. ०७२/०७३ को यस नगरपालिकाको सामाजिक परीक्षण गर्ने कार्यक्रमको लागि यस आ. ब. को आन्तरिक श्रोत चालुबाट खर्च हुने गरी रु. ३,००,०००।- बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :

यस नगरपालिका वडा नं. ५ मा बिश्वकर्मा मन्दिर निर्माण गर्नको लागि चालु आ.ब.को नगरपालिका अनुदानबाट ब्यहोर्ने गरी रु. १,५०,०००।- रकम बिनियोजन गर्ने निर्णय गरियो ।

आजको बैठक यहिं अन्त्य गरियो ।

बैठक संख्या -३

आज मिति : २०७३ ०५ १९ गते यस लेटाङ भोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री युवराज आचार्यको अध्यक्षतामा देहायको उपस्थितीमा नगरपालिका बोर्ड बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य – प्रमुख एवं कार्यकारी अधिकृत
लेटाङ भोगटेनी नगरपालिका, मोरङ

**निर्णय नं. १** : यस नगरपालिकाको आ.व. ०७२ ०७३ को आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्नको लागि मिति : २०७३ ०४/१९ गते पन्ध्र दिनको म्याद दिई दरखास्त आव्हान गरिएकोमा सूचनाको म्याद भित्र एन.आर.डि.एण्ड कम्पनी, विराटनगर- १५, गिरी एण्ड एसोसिएट्स, दमक-१०, एन. बी. कार्की एण्ड एसोसिएट्स, विराटनगर-४, वि.पी. गुरागाई एण्ड एसोसिएट्स, विराटनगर-१, र पुष्प एण्ड कम्पनी, विराटनगर-१३ को निवेदन पर्न आएकोमा प्राप्त आवेदकहरु मध्ये पुष्प एण्ड कम्पनी, विराटनगर-१३ लाई आगामी नगरपरिषद्बाट यस निर्णयलाई समर्थन गर्ने गरी अन्तिम लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : चालु आ.व. ०७३ ०७४ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त निशर्त पूँजिगत अनुदान रकम रु. २,७२,५८,०००।- गत नगरपरिषदबाट रु. २,१०,००,०००।- बाँडफाँड गरि सकेको र गत नगरपरिषदको निर्णय नं. २ मा आन्तरिक श्रोतबाट पूँजिगत खर्च रु. २०,००,०००।- बाँडफाँड गरिएकोमा आन्तरिक श्रोत न्यून भएको कारण उक्त बीस लाख रकम पनि न.पा. अनुदान तर्फ नै समायोजन गर्ने यसरी रु. २,३०,००,०००।- रकम बाँडफाँड गरी बाँकी रकम लाई निम्नानुसार बाँडफाँड गर्ने निर्णय गरियो ।

निम्न :

१. मिति : २०७३ ०५ ०२ गतेको बोर्ड बैठकबाट बाँडफाँड भएको - २०,४१,०००।-
२. सौर्य उर्जामा आधारित सडक बत्ति कार्यक्रम - १२,७९,०००।-
३. पर्यटकीय वृत्तचित्र निर्माण - २,९६,०००।-

**निर्णय नं. ३** : कार्यालयमा कर्मचारीको अपर्याप्तताको कारण राजस्व शाखामा जनशक्ति कम भई आन्तरिक आय संकलनमा कठिनाई उत्पन्न भएको, राजस्व शाखामा सेवाग्राहीको भिड भई सेवाग्राहीलाई असुविधा भएको कारण उक्त शाखामा जनशक्ति थप गरी आन्तरिक आय बढाउन साथै सेवाग्राहीलाई सुविधा र सन्तुष्टि प्रदान गर्न स्थानीय स्वायत्त शासन नियमावली, २०५५ को नियम २१७ (१क) बमोजिम दुई जना राजस्व स्वयं सेवकको विशेष पद सिर्जना गरी करारमा कर्मचारी भर्ना गरी कार्यसम्पादन गर्ने निर्णय गरियो ।

बैठक संख्या - ४

आज मिति : २०७३/०५/२६ गते यस लेटाङ भोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री युवराज आचार्यको अध्यक्षतामा देहायको उपस्थितीमा नगरपालिका बोर्ड बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य – प्रमुख एवं कार्यकारी अधिकृत
लेटाङ भोगटेनी नगरपालिका, मोरङ

**निर्णय नं. १** : यस नगरपालिकाको दोस्रो नगरपरिषदबाट समपुरक कोषको लागि विनियोजन गरिएको रकमबाट सम्बन्धित उपभोक्ताहरुबाट लागत सहभागिता जुटाउने गरी निम्न योजनाहरुमा निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निम्न :**

१. विरेन्द्रचोक पश्चिम -दार्जेलिङ लाईन सडक नाला निर्माण - रु. १,००,०००।-
२. साझबोटे खहरे खोल्सी (पुर्खौली मार्ग) कल्भर्ट निर्माण - रु. १,००,०००।-
३. वडा नं. ५,७,८ र ११ को विभिन्न स्थानमा विद्युत विस्तारको लागि पोल खरिद - रु.३,२०,०००।-

बैठक संख्या -५

आज मिति २०७३/०७/०५ गते शुक्रबारका दिन यस लेटाङभोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री युवराज आचार्य ज्यूको अध्यक्षतामा नगरपालिका बोर्ड बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

१. युवराज आचार्य प्रमुख एवम् कार्यकारी अधिकृत

**निर्णय नं. १.** आ.व. २०७३/०७४ को लागि यस नगरपालिकाको लागि प्राप्त अख्तियारी अनुसार ठूला पूर्वाधारका योजनाहरु पक्की सडक, पक्की नालको लागि रु. ९२,१६,०००।- (बयानब्बे लाख सोह्र हजार मात्र) प्राप्त भएकोमा उक्त बजेटलाई निम्नानुसार योजनामा लगानी गर्ने निर्णय गरियो ।

**निम्न**

| सि.नं. | योजनाको नाम र ठेगाना | नगरपालिकाबाट उपलब्ध गराउने रकम | उपभोक्ताले व्यहोर्नुपर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १. | सिद्धार्थलाईन – सडक कालोपत्रे वडा नं. ८ | २०,००,०००।- | २०,००,०००।- | ४०,००,०००।- |
| २. | मिलनचोक – बिरेन्द्रचोक – हुदै बिरनको ओरालो सम्मको सडक कालोपत्रे वडा नं. ७ | २३,००,०००।- | २३,००,०००।- | ४६,००,०००।- |
| ३. | मेनरोड - आर्मी क्याम्प - चर्चको ठाडो पश्चिम गुम्बा कालोपत्रे वडा नं. ८ | २३,००,०००।- | २३,००,०००।- | ४६,००,०००।- |
| ४. | बुधबारे बजार क्षेत्र सडक कालो पत्रे | २६,१६,०००।- | २६,१६,०००।- | ५२,३२,०००।- |

**निर्णय नं. २.** चालु आ.व. ०७३/०७४ मा सडक बोर्ड नेपालसँगको साझेदारीमा निम्नानुसारको योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निम्न

| | | |
|---|---|---|
| १. कुमारी चौक हुदै सालबारी सम्म वडा नं. ११ - | | ६,००,०००।- |
| २. परिवर्तन मार्ग (वडा नं. १० र ११) सिमाना - | | ६,००,०००।- |
| ३. किसान मार्ग हुँदै मोरङ्गे खोलाको ओरालोसम्म – | (वडा नं. ९) | ३,००,०००।- |
| ४. राजारानी साग्फारा साग्मा आइतबारे | | १८,००,०००।- |
| ५. लाख हर्दिया मुर्चुङे | | ७,००,०००।- |
| | | ४५,००,०००।- |

आज मिति २०७३/०७/१२ गते शुक्रबार विहान ७ बजे यस लेटाङ भोगटेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत नारायण न्यौपाने ज्यूको अध्यक्षतामा नगरपालिका बोर्ड बैठक बसी देहायको निर्णय गरियो ।

१. नारायण न्यौपाने प्रमुख एवं कार्यकारी

**निर्णय नं. १**
लेटाङ भोगटेनी नगरपालिका घोषणा गर्नु अगाडी नगरपालिका क्षेत्र भित्र बनेका घरहरुको अभिलेखीकरण गर्न यस अगाडी सूचना प्रकाशित भएकोमा २०७३ भाद्र मसान्तमा त्यो सूचनाहरुको म्याद समाप्त भएको र सबै घरहरु सूचीकृत हुन आइ नसकेकोले अभिलेखीकरणका लागि २०७३ साल पौष मसान्त सम्मका लागि पुन म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**
लेटाङ भोगटेनी नगरपालिका क्षेत्र भित्र व्यापार/व्यवसाय गर्ने सबै व्यवसायीहरु नगरपालिकामा व्यवसाय दर्ता गर्न आइ नसकेकोले दर्ता हुन बाँकी व्यवसायीलाई आव्हान गर्न निर्णय गरियो ।

**निर्णय नं. ३**
नगरपालिकामा बैठक बस्न, साना तिना कार्यक्रम संचालन गर्न समेत महँगो भाडाम लिएर अन्य ठाउँमा जानु पर्दा अप्ठ्यारो भएको साथै नगरपालिका हल तत्काल बन्न सक्ने अवस्था नभएकोले यही नगरपालिका भवनको छतमा ट्रस निर्माण गर्न लागत अनुमान गरी सिलबन्दी दरभाउ मार्फत प्रस्ताव माग गरी ट्रस निर्माण गर्ने निर्णय गरियो । उक्त रकम राजस्व बाँडफाँडको रकमवाट खर्च गर्ने निर्णय गरियो । त्यसलाइ आगामी तेस्रो नगरपरिषदबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं.४**
लेटाङ भोगटेनी नगरपालिकाको प्राविधिक शाखामा कार्यरत कर्मचारीहरु फिल्डमा गइ रहनु पर्ने भएकोले मासिक इन्धन वापत १० लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५**
यस लेटाङ भोगटेनी नगरपालिकाको वार्षिक कार्यक्रममा मर्मत संहार कोष र फोहोरमैला व्यवस्थापन कोषका लागि छुट्याइएको रकम खर्च गर्न आवश्यक पर्ने निर्देशिका निमार्ण भइ नसकेकोले ती दुइ वटा निर्देशिका निर्माण गर्न नगरपालिकामा सुचिकृत फर्महरुबाट प्रस्ताव माग गरी निर्देशिका माग गर्ने निर्णय गरियो । उक्त दुइ वटा निर्देशिका निर्माण गर्न आवशयक रकम रु.३०००००। (तीन लाख ) आन्तरिक आयवाट खर्च गर्ने र त्यसलाइ आगामी तेस्रो नगरपरिषदबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं. ६.**
स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १२३ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को दफा १३८ मा भएको व्यवस्था बमोजिम यस लेटाङभोगटेनी नगरपालिका कार्यायलयबाट संचालित आयोजनाको जाँतपास तथा फरफारक गर्न देहायको तीन सदसीय फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

१. कार्यकारी अधिकृत, नारायण न्यौपाने संयोजक
२. लेखापाल, टिका प्रसाद नेपाल सदस्य
३. इन्जिनियर भानुभक्त राई सदस्य सचिव

आज मिति २०७३ कार्तिक २४ गते बिहान ७ बजे यस लेटाङभोगटेनी नगरपालिकाका कार्यकारी अधिकृत श्री नारायण न्यौपानेको अध्यक्षतामा बसेको बैठकले देहायको निर्णय गरियो ।

१. नारायण न्यौपानै कार्यकारी अधिकृत

निर्णय नं. १.
लेटाङभोगटेनी नगरपालिकामा चालु आ.व. ०७३/०७४ मा सञ्चालन हुने योजना एवं कार्यक्रमको चौमासिक कार्य तालिका (दोस्रो र तेस्रो चौमासिक) बनाई उक्त तालिका अनुसार योजना कार्यान्वयन गर्ने प्रकृया यथाशिघ्र अगाडी बढाउने निर्ण गरियो ।

निर्णय नं. २.
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मिति २०७३/० मा गरेको परिपत्र एवं परिपत्र साथ पठाएको नमुना टोल विकास संस्था संचालन कार्यविधिलाई आधार मानी यस नगरपालिकामा पनि कार्यविधि निर्माण गरी टोल विकास संस्था गठन गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३.
लेटाङभोगटेनी नगरपालिका कार्यायलयले चालु आ.व. २०७३/०७४ पहिलो चौमासिक अवधिमा सम्पादन गरेका कार्यहरु र सेवा प्रवाहको बारेमा आम नागरिक समक्ष सार्वजनिक गर्न यही मिति २०७३ कार्तिक २९ गते हुने सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.
यस लेटाङभोगटेनी नगरपालिका कार्यालयको कार्यबोझको आधारमा खरिद सम्बन्धी कार्य गर्न निम्न अनुसारको खरिद इकाइ गठन गर्ने निर्णय गरियो ।

१. इन्जिनियर, भानुभक्त राइ
२. लेखापाल, टिका प्रसाद नेपाल
३. स्टोर किपर, डिक बहादुर मगर

आज मिति २०७३ मंसीर ४ गते बिहान ७ बजे यस लेटाङभोगटेनी नगरपालिकाका कार्यकारी अधिकृत श्री नारायण न्यौपानेको अध्यक्षतामा बसेको बैठकले देहायको निर्णय गरियो ।

१. नारायण न्यौपानै कार्यकारी अधिकृत

**निर्णय नं. १**

लेटाङभोगटेनी नगरपालिकाको दोस्रो नगरपरिषदबाट बालबालिका लक्षित कार्यक्रमबाट नगरपालिका क्षेत्र भित्र सञ्चालित २० वटा सामुदायिक विद्यालयहरुका लागि बालमैत्री पुस्तकालय तथा अन्य भौतिक संरचना निर्माणका लागि विनियोजित एकमुष्ठ रकम रु. ८,५०,०००।- (आठ लाख पचास हजार) २० वटै विद्यालयहरुलाई समानुपातिक ढंगले रु. ४२,०००।- (बयालिस हजार ) का दरले बाँडफाँड गरी योजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्थानीय विकास शुल्क कोष शसर्त अनुदानको रुपमा गत बर्ष पठाएको बजेट सिलिङ रु. ८७,१७,०००।- (सतासी लाख सत्र हजार) मा चालु आ.व. २०७३/०७४ मा नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रमको नामबाट बजेट थप भई प्राप्त रकम रु.१,५७,०६,०००।- (एक करोड सन्ताउन्न लाख छ हजार) लाई देहायको योजनाहरुमा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**योजना बाँडफाँड**

| योजनाको नाम | योजना सञ्चालन हुने स्थान | न.पा.बाट विनियोजित रकम | उपभोक्ता/न.पा.ले व्यहोर्ने रकम | न.पा./उपभोक्ताले व्यहोर्ने प्रतिशत | जम्मा रकम |
|---|---|---|---|---|---|
| १.विद्युतीकरण योजना | लेटाङभोगटेनी वडा नं. १ देखि वडा नं. २ आइतबारे डाँडासम्म | ४०,००,०००।- | १८,००,०००।- | ३१% | ५८,००,०००।- |
| २. सडक कालोपत्रे | लेटाङभोगटेनी वडा नं. ९ किसान मार्ग | २५,००,०००।- | २५,००,०००।- | ५०% | ५०,००,०००।- |
| ३. सडक कालोपत्रे | लेटाङभोगटेनी वडा नं. ८ बुद्धमार्ग | २५,००,०००।- | २५,००,०००।- | ५०% | ५०,००,०००।- |
| ४.सिँचाई | भुवा ग्रामीण पैनी लाखबारी बैद्यटोल हुँदै सालबारी बस्ती सम्म लेटाङभोगटेनी ११ | ३५,००,०००।- | २५,००,०००।- | ४०% | ६०,००,०००।- |
| ५.बसपार्क निर्माण | लेटाङभोगटेनी ८ | ३२,७०,६००।- | १७,२९,४००।- | ३३% न.पा.ले व्यहोर्ने | ५०,००,०००।- |
| जम्मा | | १,५७,०६,०००। | ९२,२९,४००। | | २,६८,००,०००। |

**निर्णय नं. ३**

लेटाङभोगटेनी नगरपालिकाको दोस्रो परिषदबाट लेटाङभोगटेनी वडा नं. ३ मा विद्युतीकरणका लागि विनियोजित बजेट रु. १,००,०००।- (एकलाख) लाई लोखरा थामडाँडा सडक मर्मतमा खर्च गर्ने गरी योजना संशोधनका लागि सम्बन्धित वडावासीको सहमति हस्ताक्षर सहित योजना संशोधनका लागि अनुरोध गरेकोले उक्त विद्युतीकरणका लागि छुट्याइएको रकम लोखरा थामडाँडा सडक मर्मतमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

लेटाङभोगटेनी नगरपालिका वडा नं. ८ मा प्रस्तावित बसपार्कको पश्चिम पट्टी रहेका सुँगुरको खोरलाई अन्यत्र व्यवस्थापन गर्न सम्वन्धीत व्यवसायीलाई ३५ दिनको सूचना दिएर हटाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

लेटाङभोगटेनी नगरपालिकाको दोश्रो नगरपरिषदबाट स्थानीय शुल्क विकास शुल्क कोष शसर्त अनुदानबाट चिसाङ खोला बाढी नियन्त्रणका लागि तटबन्धन निर्माणका लागि छुट्याएको रकम रु ४०,००,०००। (चालिस लाख) हालको संशोधित नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रमको कार्यविधि भित्र नपरेकोले उक्त योजनालाई संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लेटाङभोगटेनी नगरपालिका क्षेत्रभित्र रहेको चिसाङ खोलामा बर्सेनी बाढी आई खेतीयोग्य जमिन कटान गरिरहेकोले उक्त कटान रोक्न तटबन्ध निर्माण गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग १ करोड बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

लेटाङ भोगटेनी नगरपालिकाको दोस्रो नगरपरिषदबाट पारित योजना तथा कार्यक्रम सञ्चालन गर्न २०७३ मंसीर मसान्त भित्र उपभोक्ता समिति गठन गरी सक्ने र पुस मसान्त भित्र उपभोक्ता समितिसँग योजना सम्झौता गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

आज मिति २०७३ मंसीर १० गते शुक्रबार दिनको ठिक ३:१५ बजे यस लेटाङभोगटेनी नगरपालिकाका कार्यकारी अधिकृत श्री नारायण न्यौपानेको अध्यक्षतामा बसेको बैठकले तपसिल बमोजिमको निर्णय गऱ्यो ।

१. नारायण न्यौपाने कार्यकारी अधिकृत

**निर्णय नं. १**

वि.सं. २०७१ साल मंसीर १६ गते स्थापना भएको लेटाङ भोगटेनी नगरपालिका २ बर्ष पुरा भई तेस्रो बर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा नगरपालिका स्थापना दिवस देहाय बमोजिमको कार्यक्रम गरी मनाउने निर्णय गरियो । साथै उक्त कार्यक्रममा नगरपालिकामा क्रियाशील राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि सहित विषयगत कार्यालय, वडा नागरिक मञ्च, क्याम्पस, विद्यालयका शिक्षक विद्यार्थी, सुरक्षा निकाय, उद्योग बाणिज्य संघ, नागरिक समाज, बुद्धिजिवी, लक्षित वर्गका प्रतिनिधि, बिभिन्न गैरसरकारी संघसंस्थाहरु प्रतिनिधि, सहकारी संस्था लगात एक घर एक व्यक्ति अनिवार्य रुपमा सरसफाई कार्यक्रममा सहभागी हुन आव्हान गरी भव्य रुपमा नगरपालिका दिवस मनाउने निर्णय गरियो ।

**<u>कार्यक्रम</u>**

१. बृहत नगर सरसफाई कार्यक्रम
   (२०७३/०८/१५ गते बिहान ७ गते गंगे चौकमा भेला भई सडक सरसफाई कार्यक्रम)
२. अर्न्तकृया कार्यक्रम
   (२०७३ मंसीर १६ गते, दिनको ठीक ११:०० बजे लेटाङ बचत तथा ऋण सहकारी संस्थाको हल)
३. २०७३ मंसीर १६ गते बेलुकी सबै कार्यालय र घरघरमा दिपावली कार्यक्रम ।

**निर्णय नं. २**

कानेपोखरी लेटाङ सडक जिर्ण भई सवारी आवागमनमा बाधा परेकोले उक्त सडक मर्मतका लागि सडक डिभिजन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लेटाङ बजारमा विद्युत महसुल काउन्टर महिनाको १ पटक मात्र खुल्ने गरेकोले यहाँका सेवाग्राहीलाई महसुल तिर्न असजिलो भएकोले उक्त विद्युत महसुल काउन्टर नियमित रुपमा सञ्चालन गर्न विद्युत प्राधिकरण कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।